# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा.परिपत्र संख्या-५३०** | **मितिः २०६७/२/२४**

**श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरु तथा इजाजतपत्र प्राप्त "क" वर्गका बैंकहरु ।**

विषय : **सुनचाँदी आयात सम्बन्धी व्यबस्थामा संशोधन गरिएको बारे ।**

महाशय,

सुनचाँदी आयात सम्बन्धमा यस बैंकवाट जारी गरिएका परिपत्रहरुमा देहाय बमोजिम हुने गरी संशोधन गरिएको हुंदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

(क) नेपाल बैकर्स संघको सिफारिशमा "क" वर्गका बैंकहरुले प्रतिदिन बढीमा १० किलोग्रामका दरले सुन आयात गर्न सक्ने बिद्यमान व्यबस्थामा आजैका मितिले ३० दिनसम्म मात्र लागू हूने गरी दैनिक थप १० किलोग्राम सुन आयात गर्न सकिने छ ।

(ख) इ.प्रा. परिपत्र संख्याः ५२६ को दफा "ख" को उपदफा १(४) मा रहेको "१ किलोग्राम" परिमाणलाई "५ किलोग्राम" कायम गरिएको छ ।

(ग) बैंकहरुले आयात गरेको सुन र सुनचाँदी व्यवसायीहरुले आयात गरेको चाँदी दुबैको लागत मुल्य र बिक्री मुल्य स्पष्ट देखिने गरी सुनको हकमा नेपाल बैंकर्स संघ र चाँदीको हकमा नेपाल सुनचाँदी व्यवसायी संघ मार्फत मासिक बिबरण यस बैंकमा पठाउनु पर्ने छ ।

(घ) यस बैंकबाट मिति २०६७।२।२३ मा जारी गरिएको इ.प्रा. परिपत्र संख्याः ५२९ खारेज गरिएको छ ।

(ङ) सुन चाँदी आयात सम्बन्धी अन्य व्यवस्थाहरु यथावत राखिएको छ ।

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वी.तथा नि.वि. महाशाखा , सिंहदरवार ।
४. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार बिभाग, त्रिपुरेश्वर ।
५. श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
६. श्री बैंक सुपरिवेक्षण विभाग ।
७. श्री आन्तरिक लेखा परिक्षण विभाग ।
८. श्री सुचना प्रविधि विभाग :- यस विभागको वेभ साइटमा राखिदिनु हुन ।
९. श्री नेपाल बैंकर्स संघ , हेरिटेज प्लाजा, कमलादी ।
१०. श्री नेपाल उद्योग वाणिज्य महासंघ, बागमति च्याम्बर, टेकु ।
११. श्री नेपाल च्याम्बर अफ कमर्स, कान्तिपथ ।
१२. श्री नेपाल उद्योग परिसंघ, वाग्मती च्याम्वर, टेकु ।
१३. श्री नेपाल सुनचांदी व्यवसायी संघ, क्षेत्रपाटी, काठमाण्डौ ।